महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

पाँचपोखरी थाङपाल गाउँपालिका

सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पाँचपोखरी थाङपाल गाउँपालिका

सिन्धुपाल्चोक



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पाँचपोखरी थाङपाल गाउँपालिका

सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ६२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष्यज्यू ,
पाँचपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक।

कैफियत सहितको राय

हामीले पाँचपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ८७ लाख १७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.१ करोड १८ लाख ४२ हजार फस्र्यौट भई बाँकी बेरुजूमध्ये असुल गर्नुपर्ने रू.१९ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४५ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ५० हजार र पेश्की रू.० रहेको छ । पालिकाको गतवर्ष सम्म रु.७ करोड ६५ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड.६७ लाख ६९ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. पालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

पाँचपोखरी गाउँपालिका, सिन्धुपाल्चोक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३३	६१	१८७१७	०	१३	११८४२	३३	४८	६८७५	१९३५	४५०	४५७५	०	०	५०२५	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१.	१८	मिनिटिलर वितरण	४४६०००
२	२३	बढी दरमा बैठक भत्ता	७३१००
३	२४	दैनिक भ्रमण भत्ता असुल गर्नुपर्ने	५२४५०
४	२५	दैनिक बर्मण खर्च असुल हुनुपर्ने	८१७००
५	२७	डि. पि. आर. प्रमाण	४९५०००
६	२९	वील भर्पाई पेस गर्नुपर्ने	१४९०००
७	३३	कार्य स्विकार प्रतिवेदन	८१५१०८५
८	४०.३	भवन निर्माण	१००००
९	४०.४	भवन निर्माण	५१७६९१
१०	४०.५	बढी भुक्तानी	२९९९७०
११	४३	कार्यसम्पन्न	१६००००
१२	४८.१	आ.ले. प. बेरुजु	२७५००
१३	४८.२	आ.ले. प. बेरुजु	१३७८७४२
			११८४२२३८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिका / जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचपोखरी गाउँपालिका सिन्धुपाल्चोक	७६५१२	०	४६६१८	२९८९४	०	६८७५	३६७६९

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक ,

आर्थिक वर्षः २०७८/७९

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिनेश कुमार पोखरेल	२०७८-१-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	विक्रम पनेरु	२०७६-८-५	हाल सम्म कार्यरत
		बेरुजु रकम	६,८७५,४५५.३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,४२,६१,३४५.४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३७,०६,८५,०००	**चालु खर्च**	३३,०९,९१,५८४.५६
प्रदेश सरकारबाट अनुदान	५,८४,८७,०००	**पूँजीगत खर्च**	१९,३२,१३,१७९.३७
राजश्व बाँडफाँट	१०,६५,४७,८८२.५४	**वित्तीय/अन्य व्यवस्था**	१९,२५,७९,७७१.१९
आन्तरिक आय	५९,९६,०५८.८८		
अन्य आय	१५,२८,१४,२३५.७१		
कुल आय	६९,४५,३०,१७७.१३	**कुल खर्च**	७१,६७,८४,५३५.१२
बाँकी मौज्दात		८,२०,०६,९८७.४१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७९ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको आर्थिक विवरण, स्वीकृत वार्षिक कार्यक्रम लगायतका कागजात समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।	
२			परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले वि.सं २०७३ सालमा पाँचपोखरी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ३९ सभा सदस्य, १८७.२९वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार ६ सय ९७ जनसंख्या रहेको छ ।	
३			**एकिकृत आर्थिक विवरण**	

वित्तीय विवरण स्थानीय संचित कोष आर्थिक वर्ष २०७८।७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः					
आय तर्फ			खर्च तर्फ		
सि न	शिर्षक	रकम	सि न	शिर्षक	रकम
१	गत वर्षको अल्या	68857234.96	१	चालु तर्फ	
	अन्य कोषको अल्या	35404110.44		पालिका चालु	150250216.76
२	आन्तरिक आम्दानि			सशर्त चालु	175630215.80

क्रम	भौचर नम्बर	भौचर मिति	विषय						बेरुजु रकम
				सिफारिस दस्तुर	1086065.04		प्रदेश चालु	5111152.00	
				नक्सापास दस्तुर	69097.49				
				घरबहाल कर	425929.00	२	पुजिँगत तर्फ		
				अन्य राजस्व	4414967.35		पालिका पुजिँगत	118312426.00	
			३	संघिय सरकारबाट प्राप्त			संघिय पुजिँगत	8206663.00	
				समानिकरण	122000000.00		प्रदेश पुजिँगत	13217745.00	
				सर्शत	214985000.00	3	समपुरक अनुदान		
				समपुरक	12900000.00		संघिय	11797658.00	
				विशेष	20800000.00		प्रदेश	17712019.37	
						४	विशेष अनुदान		
			४	प्रदेश सरकारबाट प्राप्त			संघिय	20711116.00	
				समानिकरण	10312000.00		प्रदेश	3255552.00	
				सर्शत	19451000.00				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	समपुरक	25324000.00	५	जि स स बाट प्राप्त	
	विशेष	3400000.00	६	स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम	85980.00
			७	अन्य कार्यक्रम तर्फ	
५	जि स स बाट प्राप्त	1173280.00		भौतिक पुर्वाधार कार्यक्रम	7508841.00
६	स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम	388000.00		प्रदेश पुर्वाधार स्वास्थ्य	4473823.00
७	वाँडफाँडबाट प्राप्त			गरिवसंग विश्वेश्वर कार्यक्रम	464000.00
	संघिय सरकारबाट प्राप्त	82569625.07		पर्यटन पुर्वाधार विकास कार्यक्रम	940054.00
	प्रदेश सरकारबाट प्राप्त	23978257.47		सामाजिक सुरक्षा	108048264.00
८	अन्य कार्यक्रम तर्फ		८	कोषहरु तर्फ	
	भौतिक पुर्वाधार कार्यक्रम	7508841.00		विविध खर्च खाता	13164618.64
	प्रदेश पुर्वाधार स्वास्थ्य	4473823.00		प्रकोप व्यवस्थापन कोष	5935208.40
	गरिवसंग विश्वेश्वर कार्यक्रम	464000.00		विपद् व्यवस्थापन कोष	24439862.95

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	पर्यटन पुर्वाधार विकास कार्यक्रम	940054.00		धरौटी	3394772.00
	सामाजिक सुरक्षा	108048264.00			
९	कोषहरु तर्फ		९	बैंक मौज्दात	
	विविध खर्च खाता	9603350.00		संचितकोष	61043046.91
	प्रकोप व्यवस्थापन कोष	5000000.00		धरौटी	11897684.71
	विपद् व्यवस्थापन कोष	9979800.00		विविध खर्च खाता	7171145.00
				प्रकोप व्यवस्थापन कोष	1597418.46
१०	धरौटी	5234823.71		विपद् व्यवस्थापन कोष	297692.33
			१०	अनुदान फिर्ता	
				संघ	24124347.20
जम्मा		798791522.53	जम्मा		798791522.53

४			**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्: • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			● मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको । ● तोकिए बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको । ● तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको । ● पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसुची ११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको । ● पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको। ● ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाताको विवरण नराखेको। ● पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुतर्फ प्रयत्न गर्नुपर्ने । ● सञ्चालित योजना कार्य सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणको कार्यको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
५			**बजेट पेश, पारित र अख्तियारी**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँसभाले २०७८।०३।१० गते रु. ६० करोड १४ लाख ४ हजार ५३ को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६			**ऐनको कार्यान्वयन**: स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७)मा नगरपालिकाले नगरसभाबाट/ गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा नगर/गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्जनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्विकृत कार्यक्रम भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो । पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गरेको पाइएन । यसबाट गाउँसभाबाट स्विकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ ।	
७			**क्षेत्रगत बजेट र खर्च**: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५१५५२००	४७३७८२७९	९.०३
सामाजिक क्षेत्र	२६२९८१७००	२२८२९३८०६।८०	४३.५४
पूर्वाधार विकास क्षेत्र	१८१५५०६५१	१४७८४९७०२।३७	२८.१९
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२४३९३३००	२००६१८५५।३३	३.८२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९०६९०७६१।३२</td><td>८०७०७१००।४३</td><td>१५.३९</td></tr>
<tr><td>जम्मा</td><td>६१३११६८४१२।३२</td><td>५२४२९०७४३।९३</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>खर्च विश्लेषण: पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ५९९६०५८।८८ राजस्व बाँडफाँड रु १०७२३२३८५।२० र अनुदानबाट रु ४०३२४७६५२।८० समेत रु ५८४३७४५००।३७ आम्दानी भएकोमा चालु तर्फ रु ३३१०७७५६४।९३ र पूँजीगत तर्फ रु १९३२१३१७९।३७ गरी जम्मा रु ५२४२९०७४३।०० खर्च भएको छ। जम्मा खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु ४६९७०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ७८.३३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.१४ प्रतिशत चालु र ३६.८६ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>अवण्डा बजेट: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष रु. २ करोड ३० लाख अबण्डा राखेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न बैठकको निर्णयबाट पुँजीगततर्फ ४५ वटा विभिन्न योजनामा रु. २ करोड २४ लाख ५० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>अनुदान फिर्ता: संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा खर्च नभइ बाँकी रहेको संघीय अनुदान रु ३२३३९३४६।२० संघीय संचित कोषमा फिर्ता गरेको छ भने प्रदेश अनुदान खर्च नभई बाँकी रहेका रु ७०७८५३०।३६ मध्ये रु २५८८५५६।०० प्रदेशमा फिर्ता गरेको छ भने फिर्ता गर्न बाँकी रु ४४८९९७५.५३ फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>२०५६८५०००</td><td>३११४८१२१.२</td></tr>
<tr><td>विषेश</td><td>२०८०००००</td><td>८८८८४</td></tr>
<tr><td>समपुरक</td><td>१२९०००००</td><td>११०२३४२</td></tr>
<tr><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त</td><td>१९४५१०००</td><td>११२२१०३</td></tr>
<tr><td>विषेश</td><td>३४०००००</td><td>१४४४४८</td></tr>
<tr><td>समपुरक</td><td>२३५२४०००</td><td>५८११९८०.६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८५७६००००</td><td>३९४१७८७८.८३</td></tr>
</table>
</td><td>४,४८९,९७६</td></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। उल्लेखित विवरण</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ५७.२० प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	
१	३११११	५०००००	०	०	५००००००	५००००
२	३१११२	३१०६०९९८	८१५८७९९	१५०८८४८४	७८१३७१५	१०५६५००
३	३१११३	८२४७६०	०	४२७०००	३९७७६०	३९७७६०
४	३११२३	६१२७०५७	०	२०२०२६४	४१०६७९३	०
५	३११३४	१२९९९९८	०	०	१२९९९९८	१२९९९९८
६	३११५१	१३९४४१२६	०	७१११३८६	६८३२७४०	१५९९४६३
७	३११५५	१७०२६४३६	०	४७८४५३४	१२२४१९०२	५१६२६९७
८	३११५६	२८२२१४८०	०	९८२२२८९	१८३९९१९१	९३२०४४३
९	३११५९	८२२६५८२१।३७	७६००००	२६०१७२४४	५५४८८५७७।३७	१५२६१४७५
१०	३११६१	४३८५१६५	०	२२५०८९०	२१३४२७५	५७६७७५
११	३११७१	७५५७३३८	२४०००००	३८५६३३८	१३०१०००	२६०००
	कूल खर्च	१९३२१३१७९।३९	११३१८७९९	७१३७८४२९	११०५१५९५१।३७	३४७५१११
	खर्च प्रतिशत	१००	५.८६	३६.९४	५७.२	१७.९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क्र.सं	विवरण	योजना संख्या	रकम
१	१ लाख देखि ३ लाख सम्मका योजना	१०४	२१३४६७१०
२	३ लाख देखि ५ लाख सम्मका योजना	७५	३४६२८६००
३	५ लाख देखि १० लाख सम्मका योजना	५८	४९१४२९००
४	१० लाख भन्दा माथिका योजना	१७	३०१०९८००
	जम्मा	२५४	१३५२२८०१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**आर्थिक सहायताः** पालिकाले विपद व्यवस्थापन तथा औषधी उपचार अन्य सहायताको लागि यो वर्ष ४८ व्यक्तिलाई रु.१४९०८६०/- आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहायता रकमलाई व्यवस्थित र पारदर्शी बनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
१४			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष थप भएको १०९ विवाद दर्ता भएकोमा ९३ वटा मात्र फछ्यौंट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५			**बाटो मर्मतः** पालिकाले पालिका भित्रका ७ वटा वडामा बर्षातका कारण बिग्रेका मोटरबाटो मर्मत गर्नका लागि कोटेशन माग गरी कार्य गराएको छ । कोटेशन आह्वान गर्दा लागत अनुमान तयार गरेको छैन । मासिक सुविधा दिने गरी कोटेशन माग गरेको छ । निर्माण व्यवसायीलाई भुक्तानी गर्दा कार्य सम्पन्न र कार्य नापजाँच गरेको छैन । सम्झौताको समय पश्चात विल भुक्तानी गर्दा वीजक जारी नगरी भर्पाई गराइ रकम भुक्तानी गरेको छ । पालिकाले पि.के. कन्स्ट्रक्सन प्रा. लि. संग २०७८/०४/०१ मा सम्झौता गरी २०७८/४/१-५/३० सम्मका बिग्रेका सबै मोटरबाटोहरु सफाई गर्ने सम्झौता गरेको छ । सम्झौता अनुसार पालिका भित्रका बिग्रेका मोटरबाटो पि.के. कन्स्ट्रक्सन प्रा. लि. ले सफाई गर्नुपर्नेमा सोही समय अवधीका बाटो सफाई गर्न भनी अन्य निर्माण व्यावसायीसंग सम्झौता गरी रु ३५८०८९३/- भुक्तानी गरेको छ । एउटै निर्माण व्यावसायीसंग पालिका भित्रका सबै मोटरबाटो सफाई गर्ने गरी सम्झौता गरेकोमा अन्य निर्माण व्यावसायीसंग पुनः सम्झौता गरी सोही प्रकृतीको कार्यमा थप खर्च लेखेको हुँदा कार्य भए नभएको एकिन गरी खर्चमा मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

भौ न मिति	कार्य विवरण	कार्य गर्ने	सम्झौता अवधी	मासिक भुक्तानी	जम्मा भुक्तानी
३- ०७८/६/११	पालिका भित्रका सबै वडाको बाटो सरसफाई	पि.के. कन्स्ट्रक्सन प्रा. लि.	२०७८/४/१-५/३०	३८००००	७६००००
५- ०७८/६/१२	पालिका भित्र विभिन्न बाटो	सिन्धु निर्माण सेवा	२०७८/४/१-५/३०	६०३२००	१२०६४००
७- ०७८/४/१४	वडा नं १ र २ का बाटो मर्मत	आर.एस कन्स्ट्रक्सन	२०७८/४/१-५/३० म्याद थप समेत	४९७०००	९९४०००
११-०७८/६/१७	तपेनी पहिरो नियन्त्रण कार्य	सिन्धु निर्माण सेवा	२०७८ असार श्रावण	३५८८८०	३५८८८०
३६-०७८/९/१	बाँसखर्क बरुवा सडक मर्मत	इष्ट जिओमेट्रिक प्रा लि	२०७८/५/२४-६/१५	-	२६१६१३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्माः ३५८०८९३	
१६			**मोटर बाटो मर्मत**	
१६.१			गाउँपालिकाले यो वर्ष दशैं लक्षित मुख्य सडक तथा शाखा सडकतर्फ पहिलो चरणमा २३ तथा दोस्रो चरणमा १३ सडक मर्मत सम्भार तथा सरसफाई कार्य गर्न २०७८/६/१३ मा सिन्धु निर्माण सेवासँग सम्झौता गरी विभिन्न समयमा भएको कार्य वापत रू.९०,२३,६७३/-तथा सुन्दर शान्त नेपाल निर्माण सेवालाई रू.६,७६,७५७/-समेत रू.९७,००,४३०/-भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार रहेका छनः	
१६.२			सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १० मा त्यस्तो लागत अनुमान तयार गर्दा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले दशैं लक्षित मुख्य सडक तथा शाखा सडक मर्मत सम्भार र सरसफाई कार्य भनि विभिन्न तिन निर्माण व्यवसायीसँग कोटेशनमा दररेट माग गरी घटीवाला सिन्धु निर्माण सेवासँग स्काभेटर इन्धन तथा भ्याट सहित प्रति घण्टा रू.४,८६७/५० र जे.सि.भी. प्रति घण्टा रू. ३,०००/- तथा ब्रेकर प्रयोग गर्नुपरेमा स्काभेटर प्रति घण्टा रकममा रू.१०००/- थप दिने गरी २०७८/६/१३ मा सम्झौता गरेकोमा पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार दररेट तयारी तथा लागत अनुमान तयार नगरेर विभिन्न तिन निर्माण व्यवसायीसँग प्रतिघण्टा स्काभेटर र डोजर भाडाको दररेट माग गरी घटीवालासँग सम्झौता गरेको छ। गाउँपालिकाले मर्मत सम्भार तथा सरसफाई गर्नुपर्ने सडकको परिमाण र रकम खुलाई लागत अनुमान तयार नगरेको र सोकार्यको अवधि समेत नखुलाई निर्माण व्यवसायीसँग सम्झौता गर्दा कति समय भित्र कति कार्य गर्नुपर्ने थियो र निर्माण व्यवसायीबाट कति कार्य सम्पन्न भयो भन्ने सम्वन्धमा समेत एकिन गर्न सकिएन। पालिकाले पेश गरेको बिलको आधारमा निर्माण व्यवसायीलाई आश्विन देखि माघसम्म रू.९७,००,४३०/- भुक्तानी गरेको देखिन्छ तर सोको लागत अनुमान, नापी तथा कार्यसम्पन्न नहुँदा वास्तविक कार्यका सम्बन्धमा आश्वस्त हुन सकिएन। यस सम्बन्धमा पालिकाले खर्च बमोजिम कार्य भएनभएको एकिन गर्नुपर्दछ।	
१६.३			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रूपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान मात्र सोझै खरिद गर्न सकिने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष दशैं लक्षित मुख्य सडक तथा शाखा सडकतर्फ पहिलो चरणमा २३ तथा दोस्रो चरणमा १३ सडक मर्मत सम्भार तथा सरसफाई कार्य वापत आश्विन देखि माघसम्म सिन्धु निर्माण सेवालाई ४ वीलबाट रू.९०,२३,६७३/- तथा सुन्दर शान्त नेपाल निर्माण सेवालाई रू.६,७६,७५७/- समेत रू.९७,००,४३०/- सोझै खरिद मार्फत भुक्तानी गरेको छ। यसरी लागत अनुमान बेगर सम्झौता गरी सोझै खरिद मार्फत निर्माण व्यवसायीलाई रू.९७,००,४३०/-भुक्तानी गरेको नियमसम्मत देखिएन। यसका अतिरिक्त पालिकाले वडागत बजेटबाट तथा विपद व्यवस्थापन शीर्षकबाट समेत विभिन्न समयमा बाटो सरसफाई तथा मर्मत वापत रकम खर्च गरेको देखिन्छ। पालिकाले सञ्चालन गर्ने कार्यको लागत अनुमान तयार गरी प्रतिस्पर्धा सिमित नहुने गरी बोलपत्रको माध्यमबाट मितव्ययीता कायम गर्दै रकम खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
१७			**एकिकृत कर प्रणाली**	
१७.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ। जिन्सी व्यवस्थापन, तलब व्यवस्थापन लगायतका कार्य गर्न हाल म.ले.नि.का. ले नै आवश्यक सफ्टवेयर उपलब्ध गराएकाले विगतमा पालिकाबाट खरिद भएका त्यस्ता सफ्टवेयरहरु हाल उपयोग विहिन रहेका छन्। त्यसैले पालिकाले आफ्नो आवश्यकता, औचित्य र स्पष्ट प्रयोजन बेगर संघीय सरकारका सम्बन्धित निकायहरुसँग समन्वय नगरी यस वर्ष देहाय बमोजिम रु.४,५०,३०५/- मा सोफटेक इन्फोसिस प्रा. लि. सँग एकिकृत कर संकलन प्रणाली खरिद गरेको छ। उक्त सूचना प्रणालीको प्रमाणिकरण तथा प्रयोगको कानूनी हैसियतमा समेत आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसारको व्यवस्था अवलम्वन गरेको नदेखिएकाले उक्त खरिद नियम सम्वत नदेखिएको रु. भौ.नं. /मिति | विवरण | आपुर्तिकर्ता | रकम	४५०,३०५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४९/२०७८/६/१७</td><td>एकिकृत कर संकलन प्रणाली</td><td>सोफटेक इन्फोसिस प्रा. लि.</td><td>४,५०,३०५।००</td></tr></table></td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>यस वर्ष पालिकाले देहाय बमोजिमका सफ्टवेयर खरिद गरी रु.१३,४१,८५५/- भुक्तानी गरेको छ :
<table>
<tr><th>भौ.नं. /मिति</th><th>विवरण</th><th>आपुर्तिकर्ता</th><th>रकम</th></tr>
<tr><td>४९/२०७८/६/१७</td><td>एकिकृत कर संकलन प्रणाली</td><td>सोफटेक इन्फोसिस प्रा. लि.</td><td>४,५०,३०५।००</td></tr>
<tr><td>७८/२०७८/६/२०</td><td>पेरोल प्रणाली</td><td>लालीगुराँस इन्फोटेक</td><td>४,९१,५५०।००</td></tr>
<tr><td>८५९/२०७९/३/२१</td><td>हस्पिटलको लागि सूचना प्रणाली खरिद</td><td>मेडिफ्लो सेलुसन प्रा. लि.</td><td>४,००,०००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३,४१,८५५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>मिनिटिलर वितरण: .......... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।११।१५ को निर्णयबाट रु.४४६०००।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>पदाधिकारी अन्य सुविधा: पालिकाले यस वर्ष संचारमा रु. ६२४०००/-, खाजामा रु ८९४०००/-, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु ४६८०००/- खानेपानी तथा बिजुलीमा रु ३१८०००/-, सरसफाई तथा मर्मतमा रु २२८०००/-, डिजेल पेट्रोलमा रु. ६८४०००/-, अतिथि सत्कारमा रु१०७४०००/- र समन्वय भत्ता रु २२८०००/- गरी जम्मा रु. ५३४६०००/- खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करार: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा १०७ जना कर्मचारीहरु करारमा राखी रु ३५०४५४००/- खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>क्षेत्राधिकार बाहिर गइ कानून निर्माण: नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ। त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ। तर पालिकाको सहकारी ऐन, २०७४ को दफा ८१ को सजाय अन्तर्गत ८१ (१), ८१ (२) र ८१ (३) मा विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ। त्यसैले फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी अधिकार संघीय सरकार अन्तर्गत पर्ने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पारिश्रमिक कर: आयकर ऐन, २०५८ को दफा ८(१) मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षको आयमा गणना गरी तोकिएबमोजिम कर तिर्नुपर्ने व्यवस्था छ। पालिकाले डा. सोनाली खतीवडाको तलब भत्ता भुक्तानी गर्दा वार्षिक आयमा लाग्ने पारिश्रमिक कर कट्टी गरेको छैन। कट्टी गर्न बाँकी देहाएबमोजिमको कर असुल गरी दाखिला गर्नुपर्ने रु
<table><tr><th>आय</th><th>करको दर</th><th>रकम</th><th>कट्टी गरेको</th><th>बाँकी कर</th></tr></table></td><td>१९३,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४५००००</td><td>१ %</td><td>४५००</td><td>४५००</td><td>०</td></tr>
<tr><td>१०००००</td><td>१० %</td><td>१००००</td><td>१००००</td><td>०</td></tr>
<tr><td>२०००००</td><td>२० %</td><td>४००००</td><td>११६००</td><td>२८४००</td></tr>
<tr><td>५५००००</td><td>३० %</td><td>१६५०००</td><td>०</td><td>१६५०००</td></tr>
<tr><td colspan="4">जम्माः</td><td>१९३४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बढी दरमा बैठक भत्ताः .... प्रारम्भिक प्रतिवेदन उपर असूल भई आएको आधारमा मिति २०७९।११ ।१५ को निर्णयबाट रु. ७३१००।- सम्परीक्षण गरिएको।</td><td>०</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>दैनिक भ्रमण खर्च असुल गर्नुपर्नेः .... प्रारम्भिक प्रतिवेदन उपर असूल भई आएको आधारमा मिति २०७९। ११ । १५ को निर्णयबाट रु. ५२५४०।- सम्परीक्षण गरिएको</td><td>०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>दैनिक भ्रमण खर्च असुल गर्नुपर्नेः .... प्रारम्भिक प्रतिवेदन उपर असूल भई आएको आधारमा मिति २०७९।११ ।१५ को निर्णयबाट रु. ८१७००।- सम्परीक्षण गरिएको</td><td>०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमः .... पालिकाले स्वीकृत कार्यक्रम अनुसार यस वर्ष २८६ जना सुत्केरीलाई १ क्रेट अण्डा र पोसिलो खाना वापत प्रति सुत्केरी रु.१,०००/- का दरले रु.२,८७,०००/- खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>विल भर्पाईको प्रमाण .... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। ११ ।१५ को निर्णयबाट रु. ४९५०००।- सम्परीक्षण गरिएको।</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>दैनिक भ्रमण तथा बैठक खर्चः वाग्मती प्रदेश अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई दैनिक भ्रमण तथा अनुगमन मूल्यांकन खर्च भुक्तानी गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन स्पष्ट नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको।
• हाजिरी रहेको अवधिमा समेत दैनिक भ्रमण खर्च भुक्तानी हुने गरेको तथा काज रहेको अवधीमा बैठक भत्ता भुक्तानी हुने गरेको।
• कतिपय अवस्थामा दोहोरो भ्रमण खर्च भुक्तानी भएको।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• काठमाडौं भ्रमणमा जाँदा काम आवश्यकता र औचित्य भन्दा बढी दिनको (हरेक काज ७ दिनको) काज स्विकृत गरी दैनिक भ्रमण भत्ता भुक्तानी हुने गरेको ।
• भ्रमण पश्चात् पेश हुने भ्रमण प्रतिवेदनमा सो अवधिमा सम्पन्न गरेको कामको स्पष्ट विवरण उल्लेख हुन नगरेको ।
अतः स्पष्ट प्रयोजन, उद्देश्य र आधार बेगरको भ्रमण खर्च नियन्त्रण गरी भ्रमण तथा बैठक खर्चलाई विश्वसनीय र मितव्ययी बनाउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बिल भरपाइः .... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।११ ।१५ को निर्णयबाट रु. १४९०००।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>डि पी आर खर्चः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय वमोजिमको कार्य विभिन्न परामर्शदाताबाट गराई रू. २५०५०००/- खर्च गरेको छ । कार्यालयमा इन्जिनियर तथा सव-इन्जिनियर कार्यरत रहेको अवस्थामा उल्लेखित कार्य आफ्नै कर्मचारीबाट गराउनेतर्फ ध्यान दिएको देखिएन । त्यसैगरी कार्यालयले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई कोटेशन मार्फत खरिद गरी लागत अनुमान कै हाराहारी रकम खर्च गरेको छ । कार्यालयले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको गुरुयोजना, डीपीआर लगायतको अध्ययन कार्य गराउँदा कार्यालयकै प्राविधिक जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th><th>खर्च रकम</th></tr>
<tr><td>Pateri Khola Dhandkharka Irrigation Project, PTRM-06</td><td>AECOM Consult Pvt. Ltd</td><td>48,103,478.06</td><td rowspan="2">678,000.00</td></tr>
<tr><td>Bhutechanga Kolephat Irrigation Project, PTRM-06</td><td>Panchpokhari Consultant and Advertising Pvt. Ltd</td><td>14,780,701.94</td></tr>
<tr><td>Lagarche-Batrawati-Naulingeshwori-Manadevsthan Trekking Trail at Ward No. 8</td><td rowspan="2">Finer Engineering Consultancy Pvt. Ltd.</td><td>11,133,785.42</td><td rowspan="2">495,000.00</td></tr>
<tr><td>Hyab-Gotejyao Paryatakia Padmarga, Banskharka</td><td>36,859,817.61</td></tr>
<tr><td>Thangpal Dhap Bauddha Dharma Sewa Samaj Gumba</td><td>Cloverleaf Engineering (P).Ltd</td><td>13,430,822.42</td><td>346,000.00</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Thangpal Dhap Bauddha Dharma Sewa Samaj Gumba</td><td>Sci-tech infrastructure development and research Pvt. Ltd.</td><td>18,685,380.79</td><td>495,000.00</td></tr>
<tr><td>Preparation of Detailed Project Report (DPR) of Chautari Football Ground</td><td>Sci-tech infrastructure development and</td><td>52,475,747.60</td><td>491,000.00</td></tr>
<tr><td>जम्मा:</td><td></td><td></td><td>2505000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>हेभी इक्विपमेन्टको प्रयोग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारीसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ। यो वर्ष उपभोक्ता समितिले हेभी इक्विपमेन्ट प्रयोग गरी निर्माण कार्य गरेका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>उपभोक्ता समितिको नाम/काम</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>तासिदा सुनचौर पाङचुङ वाङदाङ गाङखर्क मोटरबाटो</td><td>१००२२७५/-</td><td>९५००००/-</td><td>डोजर, एक्साभेटर</td><td>१००२२७५/-</td></tr>
<tr><td>भोताङ गुम्बागाङ मोटरबाटो निर्माण उपभोक्ता स.</td><td>१३९५५३७/-</td><td>११४००००/-</td><td>डोजर, एक्साभेटर</td><td>११३००००/-</td></tr>
<tr><td>लार्के मोटरबाट निर्माण उपभोक्ता समिति</td><td>१५०७३५३/-</td><td>१२६५०००/-</td><td>डोजर, एक्साभेटर</td><td>१३१०००६/-</td></tr>
<tr><td>रिल्दो डाँडा मोटरबाटो निर्माण उपभोक्ता समिति</td><td>६९९२३५/-</td><td>५७००००/-</td><td>डोजर, एक्साभेटर</td><td>७७२९८१/-</td></tr>
<tr><td>भोटेनाम्लाङ मैदा निर्माण उपभोक्ता समिति</td><td>५९३२३४/-</td><td>४७५०००/-</td><td>डोजर, एक्साभेटर</td><td>२८४१९५/-</td></tr>
<tr><td>वडा कार्यालय विपद व्यवस्थापन</td><td>३५०३२५/-</td><td>२८५०००/-</td><td>डोजर, एक्साभेटर</td><td>२८६१७२/-</td></tr>
<tr><td>कुण्डेचौर खेल मैदान निर्माण उपभोक्ता समिति</td><td>२४७५६३/-</td><td>१९००००/-</td><td>डोजर, एक्साभेटर</td><td>२४०७६२/-</td></tr>
<tr><td>क्यामटोल मोटर बाट निर्माण उपभोक्ता समिति</td><td>३६४४०८/-</td><td>२८५०००/-</td><td>डोजर, एक्साभेटर</td><td>३६४९९०/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कार्यस्वीकार प्रतिवेदन: .... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।११।१५ को निर्णयबाट रु. ८१५१०८५।- सम्परीक्षण गरिएको।</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**पूर्व निर्धारित क्षतिपूर्ति:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्यको लागि देहाय अनुसारका निर्माण व्यवसायीसँग सम्झौतामा तोकिएको अबधि भित्र निर्माण कार्य गर्नुपर्ने र उक्त अवधिमा सम्झौता अनुसार कार्य सम्पन्न गर्ननसकेमा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति असुल गर्नेगरी खरिद सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीले सम्झौता अबधिभित्र तोकिएको कार्य सम्पन्न गर्न नसकेको र सो सम्बन्धमा निर्माण व्यवसायी तथा पालिका दुवैतर्फबाट म्याद थपको कुनै कारवाही समेत गरेको नदेखिएकोले सार्वजनिक खरिद नियमावली तथा सम्झौताको शर्त वमोजिम सम्बन्धित निर्माण व्यवसायीबाट पूर्वनिर्धारीत क्षतिपूर्ती वापत देहाय बमोजिमको रु.२०६८२२/-असुल गर्नुपर्ने देखिएको रु	२०६,८२२

निर्माण व्यवसायी	कामको विवरण	सम्झौता रकम (मू.अ.कर बाहेक)	सम्झौता मिति	कार्य सम्पन्न		ढिला दिन	पूर्व निर्धारित क्षतिपूर्ति रकम
				गर्नुपर्ने	भएको		
इन्द्रावती कन्स्ट्रक्सन एण्ड सप्लायर्स	वडा नं.६ स्वास्थ्य चौकी भवन निर्माण	६४९१०६/-	१२/०१/२०७८	०१/३०/२०७९	०३/१२/२०७९	४३	१३९५६
गेहेन्द्र लक्ष्मी निर्माण सेवा	तोप्के स्यो झरना सिंचाई कुलो निर्माण	४५८५९२८/-	०७/१०/२०७८	०१/३०/२०७९	०३/०१/२०७९	३२	७३३७५
लक्ष्मी सप्लायर्स	गाउँपालिका खानेपानी केन्द्र	१९६३७१६	०७/०१/२०७८	०७८/१२/३०	०३/१०/२०७९	७२	७०६९४
लक्ष्मी सप्लायर्स	गाउँपालिका खानेपानी केन्द्र	१२९५४५४	१२/०४/२०७८	०७८/१/३०	०३/१०/२०७९	४२	२६५५७
चौलागाईं विलडर्स एण्ड सप्लायर्स प्रा. लि.	ल कुलो देवीथान सिंचाई योजना पाँचपोखरी	९६६९५२	०७८/१२/०१	०१/३०/२०७९	०३/१४/२०७९	४६	२२२४०
जम्माः							२०६८२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको निम्नानुसारको कार्यमा शुरू सम्झौता भन्दा घटी कार्यसम्पन्न गरेकोमा नियमानुसार आनुपातिक कट्टी नगरी भुक्तानी गर्दा बढी भुक्तानी गरेको रू. १६३१६६/-असूल गरी दाखिला गर्नुपर्दछ, रू.	१६३,१६७

भौ.नं./मिति	योजनाको नाम	लागतअनुमान	गा.पा. योगदान	कार्यसम्पन्न	भुक्तानी हुनुपर्ने	भुक्तानी गरेको	बढीभूक्तानी
	वेप्कर सामुदायिक भवन उ स	७५०६३३/५८	६०००००	६९५०५०/२६	५२७८२१/१६	५७००००	४२१७८/८३
१७-०७८/८/९	पलध्यान ध्यान केन्द्र	३४५५६७	६०५६७	३३३९५७	२७५४१४	२८५०००	९५८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४९-०७८/११/३	पेमाछ्योलिङ गुम्वा उपभओक्ता समिति	५८६४७३	१११४७३	५७५२६०	४६५९६०	४७५०००	९०३९
२२७-०७९/३/७	याङ्ग्रीखोर च्यानपारी मर्मत उपभोक्ता समिति	१७२७६५	३०२६५	१३०३९९	१०७५५३	१३०४००	२२८४७
२१५-०७९/२/२५	च्योचे सामुदायिक भवन मस्याङ उपभोक्ता समिति	४५९५१७	७९५१७	४५९५१७	३८००००	४५९५१७	७९५१७
	जम्मा						१६३१६६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**दर रेट फरकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारको योजनामा लागत अनुमानमा गाउँसभाबाट स्वीकृत दर भन्दा बढी दरको प्रयोग गरी सोही अनुसारको दरमा भुक्तानी गर्दा रू. १२०६२६४/- बढी भुक्तानी गरेको देखियो। स्वीकृत दर भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ, रू.	१,२०६,२६३.५६

भौ.नं./मिति	योजनाकोनाम/उ.स.	कामको विवरण	परिमाण	स्वीकृत दर	भुक्तानी दर	बढी भुक्तानी
३३-०७८/९/२१	भट्टराई टोल गोरेटो बाटो निर्माण उपभोक्ता समिति	Dry stone masonry	31.52 m3	३४०८/५५	३७१४/१९	९६३४
		PCC Work 1:2:4	14.86 m3	१२३७३/३१	१२८७०/२	७३८४
		Dry stone soling	20.70 m3	२१५१/९५	२८५०/६८	१४४६४
		Stone masonry work (1:6)	11.37 m3	८५०९/१३	८७८८/३०	३१७४
४८-०७८/११/३	घट्टेकुलो मर्मत सम्भार तथा अन्य बाटो मर्मत उ.स.	Dry stone soling	21.84 m3	२१५१/९५	२८५०/६८	१३७६०
५४-०७८/११/८	बि.क. टोल जाने सडक निर्माण उपभोक्ता समिति	Dry stone soling	36 m3	२१५१/९५	२८५०/६८	२५१५४
		Cement concrete 1:1.5:3	36 m3	१४४९१/४२	१६१९३/३८	६१२७०
		Reinforcement Bar	1405.99 kg	१०३/-	१११/५०	११९५०
५७-०७८/११/८	घट्टे मुहान चिण्डे खण्ड सिंचाई कुलो निर्माण उ.स.	Stone masonry work (1:6)	17.17 m3	८५०९/१३	८७८८/३०	४७९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see inner table below)	

		Dry stone soling	7.56 m3	२१५१/९५	२८५०/६८	५२८२
		Cement concrete 1:1.5:3	7.70 m3	१४४९१/४२	१६१९३/३८	१३१०५
५९-०७८/११/१०	गुन्सा रिङ रोड निर्माण उपभोक्ता समिति	Dry stone soling	31.92 m3	२१५१/९५	२८५०/६८	२२३०३
		Cement concrete 1:1.5:3	44.78 m3	१४४९१/४२	१६१९३/३८	७६२१४
		Reinforcement Bar	2169.74 kg	१०३/-	१११/५०	१८४४२
१७५-०७८/१२/२९	वोताङ गुम्बागाङ मोटरबाटो निर्माण उपभोक्ता समिति	Dry stone wall	149.65 m3	३४०८/५५	३७१४/१९	४५७३९
१५७-०७८/१२/२३	भोटेनाम्लाङ सडक उपभोक्ता समिति	Dry stone soling	160.02 m3	२१५१/९५	२८५०/६८	१११८११
१५२-०७८/१२/२२	सुइरे सिंचाई उपभोक्ता समिति	Dry stone soling	11.25 m3	२१५१/९५	२८५०/६८	७८६१
		Cement concrete 1:1.5:3	17.50 m3	१४४९१/४२	१६१९३/३८	२९७८४
		Reinforcement Bar	853.79 kg	१०३/-	१११/५०	७२५७
१५१-०७८/१२/२२	गुन्सा च्यानडाँडा सडक निर्माण उपभोक्ता समिति	Dry stone soling	98.80 m3	२१५१/९५	२८५०/६८	६९०३४
१४१-०७८/१२/१३	तिपेनी निगाला डाँडा सडक निर्माण उपभोक्ता समिति	Dry stone soling	251.40 m3	२१५१/९५	२८५०/६८	१७५६६१
१३१-०७८/१२/९	लार्के मोटरबाटो निर्माण उपभोक्ता समिति	Stone masonry work (1:6)	50.81 m3	८५०९/१३	८७८८/३०	१४१८५
०९- ०७९/३/१२	शेरमाथाङ् सडक मोटरबाटो निर्माण उपभोक्ता समिति	Dry stone soling	154.84 m3	२१९१/९५	२८५०/६८	१०१९९७.७५
		Cement Concrete work	10.68 m3	१४४९१	१६१९३/३८	१८१८१.४१
१५- ०७९/३/२२	मगर कुलो सिंचाई उपभोक्ता समिति	RCC 1:1.5:3	31.6 m3	१४४९१	१६१९३/३८	५३७९५.२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०४-०७८/११/२६</td><td>देउराली खोले बगर मसानघाट बाटो निर्माण</td><td>Dry stone soling</td><td>37.13 m3</td><td>२१९१/९५</td><td>२८५०/६८</td><td>२४४५८.६४</td></tr>
<tr><td>११३- ०७८/१२/०२</td><td>वडा कार्यालय माथीको सडक सोलिङ् तथा नाला व्यवस्थापन कार्य</td><td>Dry stone soling</td><td>282.75m^3</td><td>२१९१/९५</td><td>२८५०/६८</td><td>१८६२५५.९</td></tr>
<tr><td>११४- ०७८/१२/०२</td><td>स्याङबोखर तोम्साङखोर मोटरबाटो निर्माण</td><td>Dry stone soling</td><td>78.95 m^3</td><td>२१९१/९५</td><td>२८५०/६८</td><td>५२००६.७३</td></tr>
<tr><td>१८- ०७८/६/१८</td><td>वडा कार्यालय जाने कालो ढुङ्गा मोड उपभोक्ता समिति</td><td>Dry stone soling</td><td>36.9 m^3</td><td>२१९१/९५</td><td>२८५०/६८</td><td>२४३०७.१३</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td></td><td></td><td></td><td>१२०६२६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च: सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको ब्यबस्था गरेको छ। साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र बमोजिम आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले कन्टिन्जेन्सी तर्फको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी र वास्तविक खर्च रकम यकिन गर्न सकिएन। कार्यालयले कन्टिन्जेन्सी रकमबाट मसलन्द तथा कार्यालय सामान, भ्रमण खर्च, विविध खर्च लगायतमा रकम खर्च गर्ने गरेको छ।मन्त्रालयको परिपत्र वमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ।साथै, कन्टिन्जेन्सी खाताको छुट्टै अभिलेख व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्राविधिक बिल: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। कार्यालयले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको वील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्ता समितिको बिल भरपाइ: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष पालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा समितिलाई रकम भुक्तानी गरेको देखियो।समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको पालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था नरहने हुँदा यसमा सुधार गरी नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>भवन निर्माण</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०.१			गाउँपालिकाले ठे.नं.७-०७६/७७ बाट गाउँपालिका भवन निर्माण कार्य मू.अ.कर समेत रू.९,०५,०२,४२१/- मा २०७९/२/१२ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी वल्ड वाईड कन्स्ट्रक्सनसँग २०७७/२/१३ मा सम्झौता गरेकोमा यो वर्ष निर्माण व्यवसायीलाई छैठौं देखि नवौं बिलसम्म रू.२,७३,४९,२१३/-तथा पहिलो बिल देखि नवौ बिलसम्म मूल्य समायोजन रू.२५,२१,९८५/-समेत रू.२,९८,७१,१९८/-भुक्तानी गरेको देखियो। पालिकाले निर्माण व्यवसायीलाई हालसम्म मूल्य समायोजन समेत रू.७,५७,१३,६१०/-भुक्तानी गरेको छ भने भवन निर्माण कार्यको भौतिक प्रगति करिब ८५ प्रतिशत सकिएको जनाएको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय वमोजिम रहेका छनः	
४०.२			निर्माण कार्यमा खर्च भए बमोजिम भुक्तानी दिने गरी बि.ओ.क्यू. को नन कम्पिटिटिभ आइटमतर्फ प्रोभिजनल सममा समावेश भएको वीमा, ल्याब टेष्ट लगायतको भुक्तानी दिँदा निर्माण व्यवसायीले उक्त कार्यमा खर्च गरेको रकमको विल पेश गर्नुपर्दछ। कार्यालयले गाउँपालिका भवन निर्माण कार्य बापत निर्माण व्यवसायीलाई प्रोभिजनल सम अन्तर्गत Item No.2 – Laboratory Test वापत रू.५०,०००/- र Item No.3 – Installation of Project Information Board वापत रू.३०,०००/-समेत रू.८०,०००/-भुक्तानी दिएकोमा निर्माण व्यवसायीले उक्त खर्चसंग सम्बन्धित विल/वीजक पेश गरेको देखिएन। अतः उक्त खर्चसंग सम्बन्धित विल पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	८०,०००
४०.३			**भवन निर्माण बढी भुक्तानीः** .... प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।११। १५ को निर्णयबाट रु.१००००।-सम्परीक्षण गरिएको	०
४०.४			**बढी भुक्तानीः** .... प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९। ११ । १५ को निर्णयबाट रु.५१७६९१।-सम्परीक्षण गरिएको।	०
४०.५			**बढी भुक्तानीः** .... प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९। ११ ।१५ को निर्णयबाट रु.२९९९७०।-सम्परीक्षण गरिएको	०
४१			**उपभोक्ता समितिबाट भएको कार्यको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ। हालसम्म पालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन। पालिका अन्तर्गत गरिने निर्माण कार्यमा डोलिडार र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ। जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ। जसले गर्दा पालिकाले तयार गर्ने लागत अनुमान यथार्थपरक छ भनि आश्वस्त हुनसक्ने अवस्था देखिएन। लेखापरीक्षणको क्रममा पेश भएका योजना र खर्चका बिल भरपाई स्रेस्ता परीक्षण गर्दा अधिकाशंमा पालिकाले तयार गरेको लागत अनुमानमा उल्लेखित सिमेन्ट, डण्डी, ईटा, ढुङ्गा, बालुवा लगायत निर्माण सामाग्रीको दर भन्दा उपभोक्ता समितिले खरिद गरेको बिलमा न्यून मूल्य हुने गरेको स्थिति देखिन्छ। पालिकाले समानुकुल र स्थानीय बजार दर समेतलाई ध्यानमा राखि आफ्नै स्थानीय दररेट स्वीकृत गरी मितव्ययी तरीकाले निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।	
४२			**निर्माण कार्यको बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा सार्वजनिक निकायले खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैंयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, मेशिन, औजार, उपकरण, कामदार लगायतको बीमा गराउनुपर्ने उल्लेख छ। गत विगत वर्षका तथा पालिकाले यो वर्ष ठेक्का सम्झौता गरेका अधिकांश ठेक्कामा नियमानुसार बीमा गराएको देखिएन। कार्यालयको लागत अनुमान तथा निर्माण व्यवसायीले पेश गर्ने बिल अफ क्वान्टिटिज (बि.ओ.क्यू.) मा समेत बीमा वापत रकम छुट्याएतापनि निर्माण व्यवसायीले बीमा नगराउने तथा पालिकाले समेत बीमा गर्न अनिवार्य नगरेको कारण अधिकांश निर्माण कार्यमा बीमा नगराएको पाइयो। अनिश्चित भविष्यमा हुनसक्ने अपूरणीय क्षतिलाई न्यूनिकरण गर्दै जोखिम व्यवस्थापन कार्यको लागि पालिकाले नियममा भएको व्यवस्था अनुरूप अनिवार्य रूपमा निर्माण कार्यको बीमा गराउने व्यवस्था गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>कार्य सम्पन्नः .... प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९। ११ ।१५ को निर्णयबाट रु.१६००००।-सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाले पालिका भित्रका ८ वडाहरुमा सडक मर्मत, सिँचाइ कुलो निर्माण तथा गोरेटो बाटो/पदमार्ग मर्मत र ढल व्यवस्थापन गरी कुल ३४ वटा योजना निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५४१ जनालाई रोजगारी उपलब्ध गराई रु. २२०९४४२०/- खर्च गरेको छ। लक्षित वर्गलाई ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपूर्तिः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। स्थानीय तह मातहतमा रहेका २८ विद्यालय मध्ये शुन्य दरबन्दी भएका विद्यालयहरुमा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरेको जनाएको छ। २८ विद्यालयमा २९२ शिक्षक दरबन्दी रहेकोमध्ये १४७ स्थायी पदपुर्ती र १४५ करार पदपुर्ती रहेको देखिन्छ। दरबन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती गर्न ध्यान दिनुपर्दछ साथै आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान र विद्यालय मर्जरको कार्यलाई समेत प्रभावकारी बनाउनु पर्दछ।
<table>
<tr><th>विद्यालय संख्या</th><th>जम्मा दरबन्दी सख्या</th><th>पदपुर्ती मध्ये स्थायी</th><th>पदपुर्ती मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>२८</td><td>२९२</td><td>१४७</td><td>१४५</td><td>५५२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सेनेटरी प्याडः विद्यालयले यस आ.व. मा सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम अनुसार मेडिगोल्ड ईन्टरनेशनल प्रा. लि. बाट ३२५०० प्याकेट सेनेटरी प्याड रु. २१ का दरले खरिद गरी रु. ६८२५००।०० भुक्तानी गरेको छ। पालिकाले खरिद गरेका सेनेटरी प्याड वितरण नगरी स्टोरमा मौज्दात देखाएको छ। मौज्दात रहेका सेनेटरी प्याड वितरण गरी प्रयोग ल्याउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>पेश्की विवरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्षभित्र फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यस्तो पेश्की रकम, प्रयोजन, पेश्की लिनेको नाम, ठेगाना लगायतको विवरण खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने उल्लेख छ। तर पालिकाले गत विगत वर्षमा निर्माण व्यवसायी, कर्मचारी वा अन्य संस्थालाई उपलब्ध गराएको पेश्की के कति फछ्यौंट हुन बाँकी छ सोको विवरण तयार गरी जिम्मेवारी सारेको देखिएन। पालिकाले पेश्की भूक्तानी र फछ्यौंटको अभिलेख व्यवस्थित गर्न पेश्की लेजर समेत राखेको नदेखिएकोले गत विगत वर्षमा क-कसको नाममा के कति पेश्की बाँकी रहेको छ भन्ने सम्बन्धमा यकिन गर्न सकिएन। पेश्की लेजर नहुँदा पालिकाबाट गत विगत वर्षहरूमा सञ्चालित कतिपय निर्माण कार्यहरू यस वर्षमा सम्पन्न भई भुक्तानी हुँदा सो कार्यको लागि निर्माण व्यवसायीले गत विगतमा पेश्की लिए/नलिएको तथा त्यस्तो पेश्की बाँकी भए/नभएको सम्बन्धमा परीक्षण भिडान गर्न सकिएन। पालिकाले नियमानुसार पेश्कीको अभिलेख व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>आ. ले. प. बेरुजु</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>आ.ले.प. द्वारा कायम भएको असुल बेरुजु देहायबमोजिम रहेको छन्। नियमानुसार बेरुजु फछ्यौंट गर्नुपर्दछ।
<table>
<tr><th>भौ./मिति</th><th>कारोबारको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>३/०७८/६/१३</td><td>पदाधिकारी मासिक सुविधा भुक्तानी गर्दा बढी भुक्तानी भएको</td><td>४०००</td></tr>
</table></td><td>८५,५२१.८१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१११/०७८/७/२५</td><td>बिद्युत महशुल जरिवाना रकम</td><td>९७२.८१</td></tr>
<tr><td>३६६/०७८/१०/१६</td><td>बिद्युत महशुल जरिवाना रकम</td><td>१८८२</td></tr>
<tr><td>१६९/०७८/८/१३</td><td>बढी दरमा बैठक भत्ता भुक्तानी</td><td>५१००</td></tr>
<tr><td>१८५/०७८/८/१६</td><td>बढी दरमा बैठक भत्ता भुक्तानी</td><td>४६०७५</td></tr>
<tr><td>२१९/०७८/९/१</td><td>बढी दरमा बैठक भत्ता भुक्तानी</td><td>८५००</td></tr>
<tr><td>४२२/०७८/११/११</td><td>हाजिर भएको दिनको भ्रमण भत्ता भुक्तानी भएको</td><td>४८००</td></tr>
<tr><td>४७६/०७८/११/२६</td><td>हाजिर भएको दिनको भ्रमण भत्ता भुक्तानी भएको</td><td>३२००</td></tr>
<tr><td>५८८/०७८/१२/३०</td><td>बिद्युत महशुल जरिवाना रकम (असुली)</td><td>३३६८</td></tr>
<tr><td>८४१/०७८९/३६२०</td><td>बिद्युत महशुल जरिवाना रकम (असुली)</td><td>१५००</td></tr>
<tr><td>८९१/०७९/३/२३</td><td>बिद्युत महशुल जरिवाना रकम (असुली)</td><td>१०२४</td></tr>
<tr><td>३६/०७८/८/२६</td><td>बढी दरमा बैठक भत्ता भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>५१००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८५५२१.८१</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा ५८५।०७८।१२।३० को मिति २०७९।११ ।१५ को निर्णयबाट रु.२७५००।-सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।११ ।१५ को निर्णयबाट रु.१३७८७४२ ।-सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
</table>

५०

अनुगमन तथा संपरिक्षणः आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ बमोजिम जिम्मेवार व्यक्तिले बेरुजु फछ्यौंट गरी संपरीक्षणको लागि पेश गर्नुपर्नेछ। कार्यालयले लेखापरीक्षणको क्रममा आ.व. २०७३/७४ को रु१०७४९७७।०० रकम, २०७४/७५ को रु.८९१२४०।०० रकम ०७५/७६ को रु.२०४४१८११।०० र आ. व. २०७६/७७ को रु. १३९६३१९।०० गरि पेश भएका प्रमाणका आधारमा जम्मा रु. ४६१२२३७५।०० को संपरीक्षण गरिएको छ। फछ्यौंट गर्न बाँकी अन्य बेरुजु नियमानुसार फछ्यौंट हुनुपर्दछ। यस वर्ष फछ्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ :-

सि. नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७३/७४	९	बालसुधार आ.वि. जग्गा खरिदको लालपूर्जा नभएको भनी बेरुजु कायम भएकोमा सोको प्रमाण पेश भई आएकोले संपरीक्षण गरिएको ।	०	९००००	०	०	९००००
२	२०७३/७४	१३	पेश्की बेरुजु कायम भएकोम निम्नानुसार व्यक्तिहरुको पेश्की फर्छयौट भई प्रमाण पेश भएकोले संपरीक्षण गरिएको ।	१८८३०	९६६१४७	०	०	९८४९७७
			सुवर्ण धिताल -६८०००, शमशेर ब. तामाङ्ग- ४००००, बाबुराम नेपाली -२००००, देवीलाल तामाङ्ग -७०००, बृष ब. गोले - ६०००, पोते तामाङ्ग- ७०००, सातकन्यामती प्रा.वि.- १२००००, टेक ब. स्याङ्बो -४५०००, सोम ब. गोले - १००००, लामदेव लामा -२६५०००, डल्ले तामाङ्ग - ३५०००, अल्लारे वाईवा - १८८३० , जयलाल वि. क. ४५५००, अल्लारे वाईवा - ५००००, जेठा बम्जन तामङ्ग - १४४४७, भोटे सुनार - १४४६००, डाक्ते तामाङ्ग -८८६००					
			जम्मा	१८८३०	१०५६१४७	०	०	१०७४९७७
३	२०७४/७५	२४	कर कट्टी रकम दाखिला गर्नुपर्ने भनि बेरुजु कायम भएकोमा रकम दाखिला गरी भौचर पेश भई आएकोले संपरीक्षण गरिएको	३८४०	०	०	०	३८४०
४	२०७४।७५	३५	पदाधिकारीहरुको बैठक भत्ता बढी भुक्तानी बापत जम्मा बेरुजु रकम रु.१२२४००० कायम भएकोमा रु.८८७४००।०० असुल गरी भौचर पेश भई आएकोले संपरीक्षण गरिएको ।	८८७४००	०	०	०	८८७४००

			जम्मा	**८९१२४०**	०	०	०	**८९१२४०**
५	२०७५।७६	४६	कर समायोजन पत्रको प्रमाण पेश गर्ने भनी जम्मा रु.५८७२१५।०० बेरुजु कायम भएकोमा रु. ४२९२२५ (केदार नि.से. र गेहेन्द्र लक्ष्मी नि. से.को मात्र पेश भएको) को प्रमाण पेश भएकोले संपरीक्षण गरिएको	०	४२९२२५	०	०	४२९२२५
६	२०७५।७६	३३	सोझै खरिदको बेरुजु कायम भएकोमा मिति २०७८/१२/२८ गतेका दिन गाउँसभाको बैठकबाट नियमित भई प्रमाण पेस भएकोले संपरीक्षण गरिएको ।	०	०	१२७२८९०	०	१२७२८९०
७	२०७५।७६	३४	बिद्युत लाईन विस्तारको खर्चको निर्णय एवं अनुमोदन नभएको बेरुजु कायम भएकोमा मिति २०७८/१२/२८ का दिन बसेको गाउँसभाको बैठकले खर्च अनुमोदन गरी प्रमाण पेश भएकोले संपरीक्ष गरिएको ।	०	०	०	१२९८९१६	१२९८९१६
८	२०७५।७६	३	खर्च नभई बाँकी रहेको सशर्तको अनुदान रकम फिर्ता भई दाखिला भौचर पेश भई आएकोले संपरिक्षण गरिएको ।		१७४४०७८०			१७४४०७८०
			जम्मा	०	**१७८७०००५**	**१२७२८९०**	**१२९८९१६**	**२०४४१८११**
९	२०७६/७७		गाईपाईले गुन्सा सडक ३ वटा प्याकेज बनाई कार्य गरेको भनी बेरुजु कायम भएकोमा अलग किसिमको कार्य अलग आर्थिक वर्षमा गरेको भनी प्रमाण पेश भएकोले संपरीक्षण गरिएको।	१३९६३१९	०	०	०	१३९६३१९
			जम्मा	**१३९६३१९**	०	०	०	**१३९६३१९**
			कुल जम्मा	**३२१६४५९**	**१९८९२२९९**	**२५४५७८०**	**२५९७८३२**	**४६१२२३७५**

क्र.सं.	बेरुजुको विवरण	रकम
१	आ. ले. प. बेरुजु मध्येको पत्रकारिता तालिम को प्रमाण पेश भएकोले सो दफाको आंशिक बेरुजु रु.२७५०० कट्टा गरी बाँकि बेरुजु रु.८५५२१.८१ कायम गरिएको।	85521.81